62913332

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ५८८/२०७२/०७३

निर्णय नं.३३३

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ................................... २ पुनरावेदक

विरुद्ध

स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख), जिल्ला विकास समितिको कार्यालय, नवलपरासी ..१ विपक्षी

सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, नवलपरासी ...................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला विकास समितिको कार्यालय, नवलपरासी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०८।१८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिँदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला विकास समितिको कार्यालय, नवलपरासीका स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख) र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. त्यस जिल्लाका संविधानसभा तथा व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने माननीय सभासद्ज्यूहरूले गत आर्थिक वर्ष २०७१/७२ का लागि निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्राप्त गर्नुभएको रु. १५ लाखको बजेट कसरी विनियोजन भयो ? सो रकम विनियोजन गर्ने सम्बन्धी निर्णय प्रक्रियामा को को सहभागी भए वा कुन प्रतिनिधि मार्फत यस्तो विनियोजन सम्बन्धी निर्णय भयो ? विनियोजन गर्ने सो निर्णय सम्बन्धी कागजात तथा हरेक सभासद्ले प्राप्त गरेको बजेटको कार्यक्रमगत विनियोजनको छुट्टाछुट्टै विवरण ।